प्रमुख प्रशासकीय अधिकृत

## कटहरिया नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कटहरिया, रौतहट
प्रदेश नं. २, नेपाल

# सवारीसाधन आपुर्ति सम्बन्धी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : २०७६/०८/२४)

१. यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख सवारी साधनहरू सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म /कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरूको अधिनमा रही रित पुर्वकको बोलपत्र पेश गर्नुहुन यो सुचना प्रकासित गरिएको छ ।

२. यो सुचना प्रकासित भएको मिति देखि ३० औं दिन सम्म बोलपत्र फाराम यस कार्यालयमा सम्बन्धित वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र अद्यावधिक नविकरण फार्म ,संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र,मुल्यअभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र ,स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र,आ.व.२०७५/२०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाणपत्र,उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपि नियमानुसार को बोलपत्र दस्तुर रु.३०००। (पछि फिर्ता नहुने गरी)निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

३. खरिद गरिएको बोलपत्र फारमहरूको महलहरू स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सुचना प्रकासति भएको मिति देखि ३१ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउन सकिने छ ।

४. बोलपत्र फारम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा गौर स्थित यस कार्यालयको नाममा रहेको धरौटी खाता नं.१२१०३०३००७१११ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउन अन्तिम मिति देखि) नेपाल सरकारको मान्यता प्राप्त बैकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर ,रसिद वा बिडबण्ड यो सुचना प्रकासित भएको मिति पछिकोलाई मन्यता दिइनेछ ।

५. दर्ता हुन आएंका सिलबन्दी बोलपत्र फारामहरू यस कार्यालयमा बोलपत्र दाताहरू व निजको प्रतिनिधिहरूको रोशवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ । तर निजहरूको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित्त नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन । बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकोको अंक र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यताहरू दिईनेछ ।

७. बोलपत्र सम्बन्धी अन्य शर्तहरू बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन ।

८. बोलपत्र सम्बन्धी सुचना संशोधन भएमा यस कार्यालयको सुचना पार्टीमा टाँस गरिनेछ ।

९. अन्य कार्य विधिहरू सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४ (संधोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१०. बोलपत्र सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयमा गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | जम्मा आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०७६/२०७७ | Double cabin pickup | २ | ३०००.०० | २०००००। |
| ०२/२०७६/२०७७ | Ambulance | १ | ३०००.०० | १०००००। |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय